पाठ ४३

१. परमेश्वरले इज्रेलका दश कुललाई कसरी सजाय दिनुभयो ?

- परमेश्वरले अस्सुरियनहरूलाई इज्रेलका दश कुलमाथि उपनिवेश बनाउन लगाउनुभयो र तिनीहरूले इज्रेलीहरूलाई दास बनाए ।

२. इज्रेलको दश कुललाई सजाय दिइसकेपछि परमेश्वरले यहूदाको दुई कुललाई कसरी सजाय दिनुभयो ?

- परमेश्वरले बेबिलोनीहरूलाई यहूदाको दुई कुलमाथि चढाइ गर्न पठाउनुभयो र तिनीहरूले तिनीहरूलाई दास बनाए ।

३. बेबिलोनीहरूले जेरूशलेम शहर कसरी ध्वस्त बनाए ?

- तिनीहरूले मन्दिरमा आगो लगाइदिए ।
- तिनीहरूले पूरा जेरूशलेम शहरमा आगो लगाइदिए ।
- तिनीहरूले शहरलाई घरेको पर्खाल भत्काइदिए ।

४. जेरूशलेम फर्किएपछि यहूदाका मानिसहरूले के गरे ?

- तिनीहरूले मन्दिरको पुननिर्माण गरे ।
- तिनीहरूले जेरूशलेम शहर पुननिर्माण गरे ।
- तिनीहरूले शहरलाई घेर्न पर्खालको पुननिर्माण गरे ।

५. जो जेरूशलेम फर्किआएका थिए ती यहूदाका मानिसहरुको नयाँ नाउँ के थियो ?

- यहूदी ।

६. परमेश्वरले यहूदीहरूमाथि शासन गर्न पठाउनुभएका दुई थरी मानिसहरू को थिए ?

- ग्रीक र रोमीहरू ।

७. रोमीहरू कसको पूजा गर्थे ?

- रोमीहरू धेरै मूर्तिहरुको पूजा गर्थे ।
- रोमीहरू तिनका सम्राट कैसरको पनि पूजा गर्थे ।

८. शास्त्रीहरू को थिए ?

- परमेश्वरको वचन लेख्ने जो यहूदीहरु थिए तिनीहरू शास्त्री कहलाइन्थे ।

९. फरिसीहरू को थिए ?

- फरिसीहरू यहूदीहरूका अगुवा थिए जो परमेश्वरको वचन अरूलाई सिकाउँथे ।

१०. सदूकीहरू को थिए ?
- सदूकीहरू यहूदीहरूका अगुवा थिए जो धनी थिए र मन्दिरको रखवाली गर्थे ।

११. सभाघरहरू के थिए ?
- सभाघरहरू ती ठाउँहरू थिए जहाँ यहूदीहरू भेला भएर मोसाले दिएको शिक्षाउपर छलफल गर्थे ।

१२. त्यस समयमा के त्यहाँ कोही यहूदीहरू थिए जसले परमेश्वरमा विश्वास गर्थे ?
- थिए ।
- त्यहाँ केही थोरै यहूदीहरूले थिए जसले परमेश्वरमा विश्वास गर्थे ।

- परमेश्वरले यहूदीहरूसँग कुरा गर्न धेरै अगमवक्ताहरूलाई पठाउनुभयो ।

- परमेश्वरले यहूदीहरूसँग कुरा गर्न पठाउनुभएका अन्तिम अगमवक्ता मलाकी थिए ।

- मलाकी मरेपछि परमेश्वर ४०० वर्षसम्म यहूदीहरूसँग बोल्नुभएन ।

- जबकी धेरैजसो यहूदीहरूले परमेश्वरमा विश्वास गर्दैनथे तर तीमध्ये केही यहूदीहरूले परमेश्वरले पठाउनुहुने उद्धारकर्ताको प्रतीक्षा गरिरहेका थिए ।

- परमेश्वरले पठाउनुहुने उद्धारकर्ताको प्रतीक्षा गरिरहेका मध्ये दुईजना दम्पती थिए जकारिया र तिनकी स्वास्नी एलिशीबा ।

आउनुस् लूका १:५-६ पद पढौं ।

5 यहूदामा हेरोदको शासन कालमा जकरिया नाउँ गरेका एकजना पूजाहारी थिए। जकरिया अबियाका पूजाहारी समूहका थिए। जकरियाकी पत्नी हारून वंशकी थिईन्। तिनको नाउँ इलीशिबा थियो। 6 ती दुवै जकरिया र इलीशिबा परमेश्वर समक्ष असल मानिस थिए। जहाँ सम्म परमप्रभुको जम्मै आज्ञा र नियमहरूको सम्बन्ध छ तिनीहरू निष्कलंक थिए।

- जकारिया एकजना पूजारी थिए र जकारिया र तिनकी स्वास्नी एलिशीबा दुवैजनाले परमेश्वरमा विश्वास गर्थे ।

- तर जकारिया र तिनकी स्वास्नीको केही समस्या थियो ।

आउनुस् लूका १:७ पद पढौं ।

7 तर जकरिया र इलीशिबा निःसन्तान थिए। इलीशिबा गर्भवती हुन सकिनन्, कारण तिनीहरू दुवै बृद्ध भइसकेका थिए।

- जकारिया र एलिशीबाको के समस्या थियो ?
- तिनीहरूका छोराछोरी थिएनन् ।

- तिनीहरूका छोराछोरी किन थिएनन् ?

- किनभने एलिशीबा बाँझी थिइन् ।

- किनभने जकारिया र एलिशीबा दुवैजना धेरै बूढा भएका थिए ।

- किनभने जकारिया एकजना पूजारी थिए त्यसैले तिनको काम जेरूशलेमको एक मन्दिरमा सेवा गर्नुथियो ।

आउनुस् लूका १:८-१० पद पढौं ।

[8] जब उनको समूहको सेवा गर्ने पालो थियो जकरियाले परमेश्वर अघि मानिसहरूको सेवा पूजाहारी
भएर गरे। यस्तै उनको समूहको सेवा गर्ने समय थियो। [9] पूजाहारीहरूले सधैँ एकजना पूजाहारीलाई
धूप दिने गर्दथे। जकरिया यस्तै काम गर्ने छानिएको थिए। यसकारण उनले परमप्रभुको मन्दिरमा
धूप जनाउनु पर्थ्यो। [10] त्यहाँ जम्मै उपासकहरू बाहिर एकत्रित भएका थिए। धूप दिइएकै बेला
तिनीहरू प्रार्थना गर्नमा तल्लीन थिए।

- त्यो दिन जकारिया पवित्रस्थानमा परमेश्वरलाई धूप चढाउन गए र त्यहाँ केही घटना भयो ।
- परमेश्वरका एकजना स्वर्गदूत त्यहाँ देखापरे ।

आउनुस् लूका १:११-१४ पद पढौं ।

[11] त्यसपछि धूप जलिरहेको दाहिनेपट्टि परमप्रभुको एउटा स्वर्गदूत जकरियाको अघि उभिएका थिए।
[12] जब उनले स्वर्गदूतलाई देख्यो, जकरिया भ्रममा परे र डरले आतिए। [13] ती स्वर्गदूतले जकरियालाई भने,
“जकरिया, नडराऊ। तिम्रो प्रार्थनालाई परमेश्वरले सुनिदिनु भएकोछ। तिम्री पत्नी इलीशिबाले एउटा पुत्र
जन्म दिनेछिन्। उनको नाउँ तिमीले यूहन्ना राखिदिनु। [14] तिनले तिमीहरूमा आनन्द र खुशीयाली
ल्याउनेछन्। तिनको जन्मले धेरै-धेरै मानिसहरूमा सुख ल्याउनेछ।

- स्वर्गदूतले जकारियालाई के भने ?

- स्वर्गदूतले जकारियालाई परमेश्वरले तिनलाई एकजना छोरा दिनुहुँदैछ र तिनको नाउँ यूहन्ना राखिनेछ भने ।

- परमेश्वरले दिन जकारियालाई दिनलाग्नुभएको छोराको बारेमा स्वर्गदूतले अरू थप के भने ?

आउनुस् लूका १:१५-१७ पद पढौं ।

[15] परमप्रभुको सामुन्ने यूहन्ना तिनी एकजना महान मानिस बनिनेछन्। तिनले दाखरस अथवा मदिरा कदापि लिने छैनन्। तिनको जन्मबाट नै तिनी पवित्र आत्माले भरिएको हुनेछन्।

[16] "तिनी धेरै यहूदीहरूलाई परमप्रभु तिनीहरूका परमेश्वरतिर फर्काउने माध्यम हुनेछन्। [17] तिनी आफैं अग्रदूत झैं परमप्रभुको अघि अघि जानेछन्। एलिया जस्तै तिनी पनि शक्ति सम्पन्न मानिस हुनेछन्। एलियामा भएकै आत्मा उनमा पनि हुनेछ। बाबुहरू र छोरा-छोरीहरू माझ उनले नै शान्ति बनाई राख्नेछन्। तिनीहरू जसले परमेश्वरको आज्ञा पालन गर्दैनन् त्यस्ताहरूलाई धार्मिक मानिसहरूलाई जस्तै सोंच्ने बानउनेछन्। परमप्रभुको आगमनका निम्ति मानिसहरूलाई उनले नै तयारी पार्नेछन्।"

- स्वर्गदूतले जकारियाको छोरा यूहन्नाको बारेमा यसो भने कि तिनले मानिसहरूलाई आउनुहुने उद्धारकर्ताको आगमनको निम्ति तैयार पार्नेछन् ।

- आउनुहुने उद्धारकर्ताको बारेमा स्वर्गदूतले के भने ?

- प्रभु ।

- प्रभु को हुनुहुन्छ ?

- परमेश्वर ।

- स्वर्गदूतले भने कि आउनुहुने उद्धारकर्ता प्रभु स्वयम् परमेश्वर आफै हुनुहुनेथियो ।

- त्यसपछि जकारियाकी स्वास्नी एलिशीबा गर्भवती भइन् ।

आउनुस् लूका १:२४-२५ पद पढौं ।

[24] केही समय पछि जकरियाको पत्नी इलीशिबा गर्भवती भइन्। अनि पाँच महीनासम्म उनी
घरदेखि बाहिर निस्किनन्। इलीशिबाले भनिन्, [25] "हेर, मलाई परमप्रभुले के गर्नुभएको छ। उहाँले
मेरो एउटा नानी जन्मियोस् भनी निर्णय लिनु भयो। परमप्रभुले ममाथि यति कृपा गर्नु भयो कि
अब उसो मानिसहरूको सामुन्नेबाट मलाई लाज मुक्त पार्नु भयो।"

- पछि परमेश्वरले मरियम नाउँ गरेकी कन्याकहाँ एकजना स्वर्गदूत पठाउनुभयो ।

आउनुस् लूका १:२६-३१ पद पढौं ।

26-27 इलीशिबाको छैटौं महीनामा, गालीको एउटा शहर नासरतमा बस्ने एउटी कन्याकहाँ परमेश्वरले
एउटा गाब्रिएल नाउँ गरेको दूतलाई पठाउनु भयो। तिनी दाऊदको परिवारको यूसुफ नाउँ गरेको एक
मानिससँग मगनी भएकी थिइन्। ती कन्याको नाउँ मरियम थियो। 28 ती स्वर्गदूत मरियमकहाँ गए
अनि भने, "शुभकामना छ। परमप्रभु तिमीसितै हुनुहुन्छ। तिमी उहाँको खुवै प्रिय छौ।"

29 तर त्यो स्वर्गदूतले भनेका यी कुराहरूमा मरियम खुबै विचलित भइन्। मरियम छक्क परिन् र
भनिन् "यो अभिवादन को अर्थ के हो?"

30 ती दूतले उनलाई भने, "डराउनु पर्दैन मरियम, किनभने परमेश्वर तिमीसित अत्यन्त खुशी
हुनुहुन्छ। 31 सुन! तिमी गर्भवती हुनेछौ अनि तिमीले एउटा छोरो जन्माउनेछौ। अनि उहाँको नाउँ
तिमीले येशू राख्नु।

- स्वर्गदूतले मरियमलाई के भने ?

- स्वर्गदूतले मरियमलाई परमेश्वरले तिनलाई आउनुहुने उद्धारकर्ताको जन्म दिनको लागि छान्नुभएको छ भने ।

- के परमेश्वरले उद्धारकर्ता पठाउनेछु भनी गर्नुभएको प्रतिज्ञा भुल्नुभएको थियो ?
- थिएन ।

- परमेश्वरले किन उद्धारकर्ता पठाउछु भनी गर्नुभएको प्रतिज्ञा सम्झिनुभयो ?
- किनभने परमेश्वरले सबै मानिसलाई प्रेम गर्नुहुन्छ ।
- किनभने परमेश्वर सबै मानिसलाई पाप, मृत्यु र शैतानबाट बचाउन चाहनुहुन्छ ।

- परमेश्वरले मरियमलाई किन छान्नुभयो ?

- के मरियम आदम र हव्वाकी छोरी थिइनन् र ?
- थिइन् ।

- के मरियम पनि अरू मानिसहरूजस्तै पापमै जन्मिएकी थिइनन् र ?
- थिइन् ।

- त्यसोभए परमेश्वरले किन मरियमलाई छान्नुभयो त ?

- किनभने मरियमले परमेश्वरमा विश्वास गर्थिन् ।
- किनभने मरियमले परमेश्वरले पठाउनुहुने उद्धारकर्ताको प्रतीक्षा गरिरहेकी थिइन् ।

- मरियमको छोराको नाउँ के राखिनेवाला थियो ?

- येशू ।

- येशूको नाउँको अर्थ के हो ?

- येशूको नाउँको अर्थ उद्धारकर्ता हो ।

- मरियमले जन्माउने, आउनुहुने उद्धारकर्ता छोराको बारेमा अरू थप कुरा स्वर्गदूतले के भने ?

आउनुस् लूका १:३२क पद पढौं ।

32 उहाँ महान् हुनुहुनेछ र सर्वोच्च परमेश्वरका पुत्र कहलाईनु हुनेछ।

- स्वर्गदूतले मरियमका छोरा प्रधानपुत्र हुनुहुनेछ भने ।

- स्वर्गदूतले मरियमले जन्माउने छोरा प्रधानपुत्र हुनुहुनेछ भन्नुको अर्थ के हो ?

- मरियमका छोरा परमेश्वरका छोरा कहलाइनुहुनेथियो ।
- मरियमका छोरा कसरी परमेश्वरका छोरा हुनुहुनेवाला थियो ।

- के परमेश्वरले कुनै छोरा जन्माउनुभयो ।
- भएन ।

- के तपाईंलाई परमेश्वर एक हुनुहुन्छ तर उहाँ तीन व्यक्तित्व हुनुहुन्छ भन्ने सम्झना छ ?

- परमेश्वर पिता परमेश्वर, उद्धारकर्ता परमेश्वर र पवित्र आत्मा परमेश्वर हुनुहुन्छ ।

- पिता परमेश्वर र पवित्र आत्मा परमेश्वरले उद्धारकर्ता परमेश्वरलाई यस धर्तिमा परमेश्वरका पुत्र र मानिसको पुत्रका रूपमा पठाउनुहुँदैथियो ।

- मरियमका छोरा मानिस वा परमेश्वर के हुनुहुन्थ्यो ?

- मरियमका छोरा पूर्णरूपले परमेश्वर र पूर्णरूपले मानिस हुनुहुन्थ्यो ।

- मरियका छोरा, आउनुहुने उद्धारर्ताको बारेमा अरू थप के कुरा स्वर्गदूतले भने ?

आउनुस् लूका १:३२ख-३३ पद पढौं ।

परमप्रभु परमेश्वरले उहाँलाई उहाँको पुर्खा दाऊदको सिंहासन दिनुहुनेछ। 33 उहाँले याकूबका घरानामाथि सधैँका लागि शासन गर्नुहुनेछ। येशूको राज्यको अन्त्य कहिल्यै हुनेछैन।”

- स्वर्गदूतले मरियमका छोरा आउनुहुने उद्धारकर्ता दाऊदका वंशज हुनुहुनेछ भने ।

- उद्धारकर्ताले किन दाऊदकै वंशमा जन्म लिनुपर्थ्यो ?

- किनभने परमेश्वरले दाऊदसँग उद्धारकर्ता तिनको वंशज हुनुहुनेछ भनी प्रतिज्ञा गर्नुभएको थियो ।

- किनभने आउनुहुने उद्धारकर्ता दाऊदको वंशजका हुनुहुनेथियो र परमेश्वरले उहाँलाई इज्रेलका राजा र सधैंसधैंका राजा बनाउनुहुनेथियो ।

- त्यसपछि मरियमले स्वर्गदूतलाई के भनिन् ?

आउनुस् लूका १:३४ पद पढौं ।

34 मरियमले ती स्वर्गदूतलाई भनिन्, “म कन्या नै छु, यस्तो कसरी हुन सक्छ?”

- मरियमले सोधेको प्रश्न के थियो ?
- तिनी कसरी बच्चा जन्माउन सक्छिन् र जबकी तिनी अझै कुमारीनै थिइन् ?
- स्वर्गदूतको जवाफ के थियो ?

आउनुस् लूका १:३५ पद पढौं ।

35 ती स्वर्गदूतले मरियमलाई भने, “पवित्र आत्मा तिमीमाथि आउनुहुनेछ अनि सर्वशक्तिमान परमेश्वरको शक्तिले तिमीलाई ढाक्नेछ। यसकारणले जो जन्मनुहुन्छ उहाँ परमेश्वरको पुत्र कहलाइनु हुनेछ।

- स्वर्गदूतको जवाफ के थियो ?

- स्वर्गदूतले भने कि परमेश्वरले तिनीसँग चमत्कार गर्नुहुनेछ र तिनी गर्भवती हुनेछिन् ।

- मरियमका छोरा मानव पिता र माताको बीउविना जन्मिनुहुनेवाला थियो ।

- किन मरियमका छोरा मानव पिता र माताको बीउविना जन्मिनुहुनेवाला थियो ?

- ताकि उहाँ आदम र हव्वाको पापबाट मुक्त भएर जन्मिन सकून् ।

- किनभने पुत्र परमेश्वर मानवको रूपमा पापरहित भएर जन्मिनुहुनेथियो त्यसो हुनाले उहाँमा मानव पिता र माताको बीउ हुनु हुँदैनथ्यो ।

- मरियमका छोरा केवल परमेश्वरको बीउबाट जन्मिनुभयो ।

- त्यसपछि स्वर्गदूतले मरियमलाई के भने ?

लूका १:३६-३७ पद पढौं ।

36 यस विषयमा ध्यान देऊः तिम्रो आफन्त इलीशिबा पनि गर्भवती छिन् तिनको अवस्था वृद्ध अनि बाँझी कहलाइएता पनि अहिले तिनी छ महीनाबाट गर्भवती भएकी छिन्। 37 किनभने परमेश्वरमा जे कुरा पनि सम्भव छ।”

- स्वर्गदूतले भनेको कुरा यहाँ लेखिएको छ ।

- एलिशीबा जो एकजना धेरै बूढी र बाँझी महिलाले बच्चा जन्माउन असम्भव थियो तर परमेश्वरले तिनलाई बच्चा दिनुभयो ।

- त्यसैले यो मरियमको लागि पनि असम्भव थियो एकजना कन्याकुमारीका लागि तर परमेश्वरले तिनलाई पनि छोरा दिनुभयो ।

- परमेश्वर सबै कुरा गर्न सक्नुहुन्छ ।

- परमेश्वरमा केही कुरा पनि असम्भव छैन ।

- त्यसपछि मरियमले के उत्तर दिइन् ।

आउनुस् लूका १:३८ पद पढौं ।

[38]मरियमले भनिन् “म परमप्रभुकी दासी हुँ। तपाईंले भने जस्तो ममाथि हुनदिनुहोस्।” त्यसपछि दूत उनीबाट विदा भए।

- किनभने मरियमले परमेश्वरमा विश्वास राखिन् त्यसैले परमेश्वरले तिनलाई येशू ख्रीष्टकी आमा बन्न छान्नुभयो ।त्यसपछि स्वर्गदूत तिनलाई छोडेर गए ।

- के येशू प्रतिज्ञा गरिएका उद्धारर्कता हुनुहुनेवाला थियो ?

- थियो ।

- के येशू परमेश्वरले पहिलोपटक आदम र हव्वासँग अदनको बगैंचामा प्रतिज्ञा गर्नुभएका उद्धारकर्ता हुनुहुनेवाला थियो ?

- के येशू परमेश्वरले अब्राहाम, इसहाक, याकूब र अरू मानिसहरूसँग प्रतिज्ञा गर्नुभएका उद्धारकर्ता बन्नुहुनेवाला थियो ।
- हो, थियो ।